# नेपाल सरकार
# सहकारी तथा गरिबी निवारण मन्त्रालय
# सिंहदरबार, काठमाडौं

सूचनाको हक सम्वन्धी ऐन , २०६४ को दफा ५(३) र नियमावलीको नियम ३ बमोजिम सार्वजनिक गरिएको विवरण

सूचना सार्वजनिक गर्ने निकायको नामः– सहकारी तथा गरिबी निवारण मन्त्रालय, सिंहदरबार ।

सूचना सार्वजनिक गरेको अवधिः– २०७३।०४।०१ देखि २०७३।६।३० सम्म

## १. निकायको स्वरुप र प्रकृतिः

गरिवीलाई न्यून गर्दै लैजाने र अन्ततः विश्वबाट नै गरिवी हटाउने उद्देश्यका साथ सहश्राब्दी विकास लक्ष्य र सार्क विकास लक्ष्य समेतलाई दृष्टिगत गरी नेपाल सरकारका आवधिक योजनाहरुले गरिवी न्यूनिकरणलाई नै पहिलो प्राथमिकतामा राखेकोले गरिबी निवारण सम्बन्धी विचिन्न निकायबाट संचालन भैरहेका कार्यक्रम बीच संयोजन र समन्वय कायम गर्न तथा सहकारी मार्फत गरिबी निवारणका कार्यक्रमलाई परिचालन गरी ग्रामीण अर्थतन्त्रको विकासमा महत्वपूर्ण भूमिका खेल्ने उद्देश्यलाई अंगिकार गरी सहकारी तथा गरिबी निवारण मन्त्रालयको स्थापना भएको हो । साथै नेपाल सरकारले अन्तरिम संविधान लगायत आफ्नो नीति , वार्षिक बजेट तथा आवधिक योजना मार्फत सहकारीलाई आर्थिक विकासको एक प्रमुख स्तम्भको रुपमा विकास गरी आर्थिक बृद्धि हासिल गर्ने उद्देश्य लिएको छ । सरकार, सहकारी र नीजि क्षेत्रको संयोजनबाट मात्र आर्थिक तथा सामाजिक विकास गर्न सकिन्छ भन्ने कुराको आत्मसात गर्दै विभिन्न मन्त्रालयहरु र निकायहरुले संचालन गर्ने गरिवी निवारण सम्बन्धी कार्यक्रमहरुको समुचित समन्वय गर्ने उद्देश्यका साथ नेपाल सरकार (मं.प.) को मिति २०६९।२।५ को निर्णयले सहकारी तथा गरिबी निवारण मन्त्रालयको गठन भएको हो ।

### (क) दृष्टिकोणः

सबल र सक्षम सहकारी प्रणाली सहितको गरिबीमुक्त नेपाली समाज ।

### (ख) ध्येयः

राष्ट्रिय अर्थतन्त्र र गरिबी निवारणमा योगदान बढाउने गरी सहकारी प्रणालीको सबलीकरण गर्ने एवं गरिबी न्यूनीकरणको कार्यमा नेतृत्वदायी भूमिका निर्वाह गर्ने ।

### (ग) उद्देश्यः

- समूदायमा रहेको आर्थिक एवं सामाजिम पूँजीको अधिकतम उपयोग हुने गरी सहकारीको विकास, विस्तार र प्रबर्द्धन गर्ने ।
- सन् २०१७ सम्ममा गरिबीको रेखामूनी रहेको जनसंख्या १८ प्रतिशतमा ल्याउने राष्ट्रिय लक्ष्य प्राप्त गर्न सहयोग गर्ने ।

## २. निकायको काम, कर्तव्य र अधिकारः–

नेपाल सरकार मन्त्रीपरिषद्को मिति २०६९।०२।०५ को निर्णयानुसार नेपाल सरकार कार्य विभाजन (संसोधन सहित) नियमावली २०६६ स्विकृत भए अनुरुप सहकारी तथा गरिबी निवारण मन्त्रालयको कार्य निम्नानुसार रहेको छ ।

१. सहकारी र गरिबी निवारणसम्बन्धी नीति, योजना तथा कार्यक्रमको तर्जुमा, कार्यान्वयन, अनुगमन र मूल्याङ्कन,
२. सहकारी सङ्घ संस्थाको विकास, सुदृढिकरण र नियमन,
३. सहकारी र आर्थिक विकास,
४. सहकारीको प्रवर्द्धन र संरक्षण,
५. अन्तराष्ट्रिय सहकारी संगठन सम्बन्धी विषय,
६. अन्तराष्ट्रियस्तरमा सहकारी संस्थाको प्रवर्द्धन र विकास,
७. सहकारी बचत तथा ऋण लगानी सम्बन्धी विषय,
८. सहकारी र गरिबी निवारणसँग आबद्ध संघसंस्थाको अनुगमन, रेखदेख र नियमन,
९. सहकारी रकमको लगानी,
१०. सहकारी र गरिबी निवारणसम्बन्धी विभिन्न निकायबाट सञ्चालित कार्यक्रमको समन्वय , अनुगमन र मूल्याङ्कन,
११. सहकारी र गरिबी निवारणसँग सम्बन्धित अन्तर मन्त्रालयगत कार्यको समन्वय,
१२. सीमान्तकृत, विभिन्न वर्ग र समुदायमा रहेका गरिबको पहिचान,
१३. सहकारी र गरिबी निवारणका क्षेत्रमा कार्यरत राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाको प्रबर्द्धन, कामको समन्वय, अनुगमन र मूल्याङ्कन,
१४. सहकारी र गरिबी निवारणसम्बन्धी अध्ययन, अनुसन्धान, सर्वेक्षण,
१५. सहकारीसम्बन्धी क्षमता अभिवृद्धि,
१६. सहकारी र गरिबी निवारणसम्बन्धी आयोजनाको संभाव्यता अध्ययन, कार्यान्वयन, अनुगमन र मूल्याङ्कन,
१७. सहस्राब्दी विकास लक्ष्य (गरिबी निवारणसम्बन्धी),
१८. राष्ट्रिय सहकारी विकास बोर्ड,
१९. सहकारी संघ–संस्था ।

## ३. निकायमा रहने कर्मचारी संख्या र कार्य विवरणः

### (क) दरबन्दी विवरण

| क्र.सं. | पद | श्रेणी | सेवा | समूह | कुल कायम हुने दरबन्दी |
|---|---|---|---|---|---|
| १. | सचिव | विशिष्ट | | | १ |
| २. | सह–सचिव | रा.प.प्र. | प्रशासन | | २ |
| ३. | उप–सचिव | रा.प.द्वि. | प्रशासन | सा.प्र. | ६ |
| ४. | उप–सचिव (कानून) | रा.प.द्वि. | न्याय | कानून | १ |
| ५. | उप–सचिव (लेखा) | रा.प.द्वि. | प्रशासन | लेखा | १ |
| ६. | तथ्याङ्क अधिकृत | रा.प.द्वि..(प्रा.) | ने.आ.यो.तथा तथ्याङ्क | जनरल स्टा. | १ |
| ७. | शाखा अधिकृत | रा.प.तृ. | प्रशासन | सा.प्र. | १० |

| क्र.सं. | पद | श्रेणी | सेवा | समूह | कुल कायम हुने दरबन्दी |
|---|---|---|---|---|---|
| ८. | लेखा अधिकृत | रा.प.तृ. | प्रशासन | लेखा | २ |
| ९. | स. कृषि अर्थ विज्ञ | रा.प.तृ. (प्रा.) | कृषि सेवा | ए.इ.मा.एण्ड स्टा | १ |
| १०. | कम्प्युटर अधिकृत | रा.प.तृ. (प्रा.) | विविध | | १ |
| ११. | नायव सुब्बा | रा.प.अनं.प्रथम | प्रशासन | सा.प्र. | ११ |
| १२. | लेखापाल | रा.प.अनं.प्रथम | प्रशासन | लेखा | २ |
| १३. | कम्प्युटर अपरेटर | रा.प.अनं.प्रथम | विविध | | ४ |
| १४. | खरिदार | रा.प.अनं.द्वि. | प्रशासन | सा.प्र. | ३ |
| १५. | सह–लेखापाल | रा.प.अनं.द्वि. | प्रशासन | लेखा | १ |
| १६. | हुलका सवारी चालक | श्रेणी विहिन | इन्जि | जन.मेकानिक | ६ |
| १७. | कार्यालय सहयोगी | श्रेणी विहिन | प्रशासन | सा.प्र. | ९ |
| | जम्मा | | | | ६२ |

## (ख) कर्मचारी विवरण

| सि.नं. | कर्मचारीको नाम | पद | शाखा/महाशाखा | कार्यालयको नं. | मोबाइल नं. |
|---|---|---|---|---|---|
| १ | श्री शारदाप्रसाद त्रिताल | सचिव | | ४२११८६० | ९८४११११३२३ |
| २ | श्री सुरेश प्रधान | सह–सचिव | योजना तथा गरिबी निवारण महाशाखा | ४२०००५८ | ९८४१३९९७५२ |
| ३ | श्री | सह–सचिव | सहकारी तथा व्यवस्थापन महाशाखा | ४२११७८१ | |
| ४ | श्री बिजुकुमार श्रेष्ठ | उप–सचिव | सहकारी प्रबर्द्धन शाखा | ४२११७९० | ९८४१२२३१६६ |
| ५ | श्री उपेन्द्रबहादुर ढुंगाना | उप–सचिव | प्रशासन तथा जनशक्ति विकास शाखा | ४२११६५७ | ९८५११४८३३५ |
| ६ | श्री शिवप्रसाद रिजाल | उप–सचिव | उ.पा.प.काज | | |
| ७ | श्री ज्ञानेन्द्र प्रसाद ढकाल | उप–सचिव | अ.दु.अ.आ.काज | | |
| ८ | श्री अनन्तकुमार बस्नेत | उप–सचिव | गरिबी निवारण शाखा | ४२०००८० | ९८४१६८३०६५ |
| ९ | श्री रमेश अधिकारी | उप–सचिव | योजना तथा नीति तर्जुमा शाखा | ४२११९०६ | ९८४१४२४७७० |
| १० | श्री शिवराज न्यौपाने | उप–सचिव (तथ्याङ्क) | अनुगमन, मूल्याङ्कन तथा अनुसन्धान शाखा | ४२०००६० | ९८४१४४१९५१ |
| ११ | श्री भगवानलाल श्रेष्ठ | उप–सचिव (कानून) | ऐन, नियम, परामर्श शाखा | ४२०००७३ | ९८४१३६७५०९ |
| १२ | श्री विष्णुहरि वाग्ले | उप–सचिव (लेखा) | आर्थिक प्रशासन शाखा | ४२११५७६ | ९८४१४६७३९३ |
| १३ | श्री कल्किका श्रेष्ठ | शाखा अधिकृत | सहकारी प्रबर्द्धन शाखा | ४२००४२० | ९८४१७३६७८८ |
| १४ | श्री राजेन्द्र पोखरेल | शाखा अधिकृत | गरिब घर परिवार काज | ४२०००८० | |
| १५ | श्री गुणा राई | शाखा अधिकृत | गरिबी निवारण शाखा | ४२०००८० | ९८४१२४३१५० |
| १६ | श्री | शाखा अधिकृत | प्रशासन तथा जनशक्ति विकास शाखा | ४२११६९० | |
| १७ | श्री गोविन्द प्रसाद पाण्डे | शाखा अधिकृत | प्रशासन तथा जनशक्ति विकास शाखा | ४२११६९० | ९८६०९२८१२८ |
| १८ | श्री कला कुमारी गैहे | शाखा अधिकृत | योजना तथा नीति तर्जुमा शाखा | ४२११९७६ | ९८४१९३९०२३ |
| १९ | श्री राममणि अधिकारी | शाखा अधिकृत | सहकारी प्रबर्द्धन शाखा | ४२००४२० | ९८४९६३५३७८ |
| २० | श्री निलकण्ठ काफ्ले | शाखा अधिकृत | अनुगमन, मूल्याङ्कन तथा अनुसन्धान शाखा | ४२०००६० | ९८४७५८८०३० |
| २१ | | शाखा अधिकृत | | | |
| २२ | | शाखा अधिकृत | | | |
| २३ | | स.कृषि अर्थ विज्ञ | | | |
| २४ | श्री राजन न्यौपाने | लेखा अधिकृत | आर्थिक प्रशासन शाखा | ४२११५७६ | ९८४१४३४४०७ |
| २५ | | लेखा अधिकृत | | | |
| २६ | श्री सनत कुमार न्यौपाने | कम्प्युटर अधिकृत | योजना तथा नीति तर्जुमा शाखा | ४२११९७६ | ९८४१६१५४८० |
| २७ | श्री सूर्यकुमार श्रेष्ठ | नायव सुब्बा | प्रशासन तथा जनशक्ति विकास शाखा | ४२११६९० | |
| २८ | श्री कमला कार्की | नायव सुब्बा | श्रीमान् सचिवज्यूको नीजि सचिवालय | ४२११८६० | |

| सि.नं. | कर्मचारीको नाम | पद | शाखा/महाशाखा | कार्यालयको नं. | मोबाइल नं. |
|---|---|---|---|---|---|
| २९ | | नायव सुब्बा | | | |
| ३० | श्री कृष्णप्रसाद भुसाल | नायव सुब्बा | स्टोर | | ९८४१७०९८९७ |
| ३१ | श्री अमृता दुरा | नायव सुब्बा | प्रशासन तथा जनशक्ति विकास शाखा | ४२११६९० | ९८४१३६२६९५ |
| ३२ | | नायव सुब्बा | सहकारी प्रवर्द्धन शाखा | ४२००४२० | |
| ३३ | श्री भरतमणि सापकोटा | नायव सुब्बा | अनुगमन, मूल्याङ्कन तथा अनुसन्धान शाखा | ४२०००६० | ९८४९६४५०३० |
| ३४ | श्री भरतकुमार भण्डारी | नायव सुब्बा | योजना तथा नीति तर्जुमा शाखा | ४२११९७६ | ९८४५३७३११० |
| ३५ | श्री तिलक बहादुर के.सी. | नायव सुब्बा | योजना तथा गरिबी निवारण महाशाखा | ४२०००५८ | ९८४७८५२२३९ |
| ३६ | श्री सामना सुवेदी | नायव सुब्बा | माननीय मन्त्रीज्यूवको नीजि सचिवालय | ४२११७५५ | ९८५११२०२१८ |
| ३७ | | नायव सुब्बा | | | |
| ३८ | श्री कवि तिम्सिना | लेखापाल | आर्थिक प्रशासन शाखा | ४२११५७६ | ९८५२०५२३२० |
| ३९ | श्री | लेखापाल | आर्थिक प्रशासन शाखा | ४२११५७६ | |
| ४० | श्री नीरज बलामी | कम्प्युटर अपरेटर | प्रशासन तथा जनशक्ति विकास शाखा | ४२११६९० | ९८४१६४९९३ |
| ४१ | श्री अमर अधिकारी | कम्प्युटर अपरेटर | अ.दु.अ.आ. काज | | |
| ४२ | श्री प्रतिभा अधिकारी | कम्प्युटर अपरेटर | सेवा करार | | |
| ४३ | श्री महानन्द जोशी | कम्प्युटर अपरेटर | सेवा करार | | |
| ४४ | श्री विमला बास्तोला | खरिदार | सहकारी तथा व्यवस्थापन महाशाखा | ४२११७८१ | ९८४९२८७८२६ |
| ४५ | | खरिदार | | | |
| ४६ | | खरिदार | | | |
| ४७ | | स.ले.पा. | | | |
| ४८ | श्री चित्रबहादुर कार्की | ह.स.चा. | | | |
| ४९ | श्री रामकृष्ण मानन्धर | ह.स.चा. | | | |
| ५० | श्री मिनु गोले | ह.स.चा. | | | |
| ५१ | श्री सानुकान्छा श्रेष्ठ | ह.स.चा. | | | |
| ५२ | श्री सानुकुमार देसार | ह.स.चा. | | | |
| ५३ | श्री जितेन्द्र चित्रकार | ह.स.चा. | | | |
| ५४ | श्री होमबहादुर बस्नेत | का.स. | योजना तथा गरिबी निवारण महाशाखा | ४२०००५८ | ९८४१७८१७१४ |
| ५५ | श्री सविना डंगोल | का.स. | दर्ता/चलानी | | ९८४१८०७६४० |
| ५६ | श्री दिपा कार्की | का.स. | सेवा करार | | |
| ५७ | श्री अनुसुया पौडेल | का.स. | सेवा करार | | |
| ५८ | श्री बिमला दुलाल | का.स. | सेवा करार | | |
| ५९ | श्री कृष्ण बहादुर खत्री | का.स. | सेवा करार | | |
| ६० | श्री अनु तामाङ | का.स. | सेवा करार | | |
| ६१ | श्री किशोर भुजेल | का.स. | सेवा करार | | |
| ६२ | श्री शशीकला खत्री | का.स. | सेवा करार | | |

## ४. निकायबाट प्रदान गरिने सेवा :–

१. सहकारीको विकास तथा अनुगमन गर्ने ।

२. देशको गरिबीको अवस्था पहिचान गर्न सर्वेक्षण गर्ने ।

३. सहकारीको माध्यमबाट गरिबी निवारणमा सहयोग गर्ने ।

**५. सेवा प्रदान गर्ने निकायको शाखा र जिम्मेवार अधिकारी–**

**महाशाखा तथा शाखाको कार्यविवरण**

**<u>क) सहकारी तथा व्यवस्थापन महाशाखा</u>**

- सहकारी र गरिबी निवारण सम्बन्धी नीति, योजना तथा कार्यक्रमको तर्जुमा र कार्यान्वयन गर्ने,
- सहकारी र गरिबी निवारण सम्बन्धी कानून, नियम तर्जुमा गर्ने,
- अन्तर्राष्ट्रिय सहकारी संगठनसंग समन्वय र सम्पर्क गर्ने,
- जिन्सी प्रशासन सम्बन्धी कार्य गर्ने,
- कर्मचारी प्रशासन सम्बन्धी कार्य,
- राष्ट्रिय सहकारी विकास बोर्ड सम्बन्धी कार्य गर्ने,
- सहकारी सम्बन्धी क्षमता अभिवृद्धि गर्ने कार्य,
- निर्देशित अन्य कार्य ।

**१. <u>प्रशासन तथा जनशक्ति विकास शाखा</u>**

- आन्तरिक प्रशासन,
- कर्मचारी प्रशासन सम्बन्धी,
- स्वदेशी एंव वैदेशिक छात्रवृति, तालिम आदि सम्बन्धी कार्य,
- तोकिएका अन्य कार्य ।

**२. <u>सहकारी प्रवर्द्धन शाखा</u>**

- सहकारी शिक्षा, सूचना र तालिम सम्बन्धी,
- सहकारी संघ संस्थाको प्रवद्र्धन गर्ने सम्बन्धी,
- सहकारी प्रवर्द्धन सम्बन्धी लक्षित कार्यक्रम संचालन गर्ने,
- सरकार–सहकारी साझेदारी कार्यक्रम संचालन गर्ने,
- सहकारी संघ संस्थाको सुशासन सम्बन्धी,
- पुराना संघ संस्था सम्बन्धी कार्य,
- तोकिएका अन्य कार्य ।

**३. <u>ऐन, नियम परामर्श शाखा</u>**

- सहकारी ऐन, नियम सम्बन्धी,
- सहकारी एंव गरिबी निवारण सम्बन्धी संघ संस्थाको मापदण्ड तर्जुमा गर्ने,
- मन्त्रालय सम्वद्ध ऐन नियमको तर्जुमा,
- तोकिएका अन्य कार्य ।

**४. <u>आर्थिक प्रशासन शाखा</u>**

- आर्थिक प्रशासन सम्बन्धी सम्पूर्ण काम,
- बेरुजु फछ्यौंट सम्बन्धी काम,
- तोकिएका अन्य कार्य ।

**ख) योजना तथा गरिबी निवारण महाशाखा**

- सहकारी र गरिबी निवारण सम्बन्धी नीति, योजना तथा कार्यक्रमको समन्वय, अनुगमन र मूल्यांकन गर्ने,
- सहकारी संघ संस्थाको विकास, सुदृढीकरण र नियमन गर्ने,
- सहकारीको प्रवर्द्धन र संरक्षण गर्ने,
- सहकारी र गरिबी निवारणसंग आवद्ध संघ संस्थाको अनुगमन, रेखदेख र नियमन गर्ने,
- सहकारी र गरिबी निवारणसंग सम्बन्धित अन्तर मन्त्रालयगत कार्यको समन्वय गर्ने,
- सीमान्तकृत, विभिन्न वर्ग र समुदायमा रहेका गरिबको पहिचान गर्ने,
- सहकारी र गरिबी निवारणका क्षेत्रमा कार्यरत राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाको प्रवर्द्धन, कामको समन्वय, अनुगमन र मूल्यांकन गर्ने,
- सहस्राब्दी विकास लक्ष्य (गरिबी निवारण सम्बन्धी) हासिल गर्ने सम्बन्धी विषय
- सहकारी संघ संस्थाको अद्यावधिक विवरण तयार गर्ने,
- निर्देशित अन्य कार्य ।

**१. योजना तथा नीति तर्जुमा शाखा**

- सहकारी एंव गरिबी निवारण सम्बन्धी वार्षिक र अवधिक योजना तर्जुमा,
- सहकारी एंव गरिबी निवारण सम्बन्धी नीति निर्माण गर्ने,
- सहकारी संघ संस्थाहरुलाई संचालन तथा पूँजीगत अनुदान सहयोग सम्बन्धी,
- सहकारी एंव गरिबी निवारण सम्बन्धी क्षेत्रीय एंव अन्तर्राष्ट्रिय संघ संस्थाहरुसंगको सम्बन्ध,
- तोकिएका अन्य कार्य ।

**२. गरिबी निवारण शाखा**

- गरिबी निवारण कोष सम्बन्धी,
- गरिबी निवारण सम्बन्धी मापदण्डको निर्धारण, रेखांकन (Mapping) तथा पहिचान गर्ने,
- गरिबीको स्थिती र अवस्था बारे अध्ययन र अनुसन्धान गर्ने,
- गरिबी निवारणका लक्षित कार्यक्रम संचालन र समन्वय गर्ने,
- गरिबी निवारणसंग सम्बन्धित राष्ट्रिय एंव अन्तर्राष्ट्रिय संघ संस्थासित सम्पर्क एंव समन्वय गर्ने,
- तोकिएका अन्य कार्य ।

**३. अनुगमन, मूल्यांकन तथा अनुसन्धान शाखा**

- सहकारी संघ संस्थाको अनुगमन र नियमन,
- सहकारी सम्बन्धी अध्ययन अनुसन्धान,
- सहकारीको राष्ट्रिय तथ्यांक व्यवस्थापन,
- तोकिएका अन्य कार्य ।
- सहकारी एंव गरिबी निवारण सम्बन्धी कार्यक्रम/आयोजनाको अनुगमन तथा मूल्यांकन ।

## ६. सेवा प्राप्त गर्न लाग्ने दस्तुर र अवधिः

| सि.नं. | कामको विवरण | काम सम्पन्न गर्ने अवधि | सम्पर्क अधिकारी/महाशाखा प्रमुख/शाखा प्रमुख | लाग्ने दस्तुर |
|---|---|---|---|---|
| १. | मन्त्रालयसित सम्बन्धित सूचनाहरु उपलब्ध गराउने | १५ दिन भित्र | सूचना अधिकारी | सामान्य आकारको कागजमा सूचनाको लगि प्रतिपृष्ठ रु. ५।– <br> ठूलो आकारको कागजमा सूचनाको लागि प्रतिपृष्ठ रु. १०।– <br> प्रति डिस्केट, सिडि रु. ५०।– |
| २. | सम्पादित कार्यको भुक्तानी | १५ दिन भित्र | लेखा प्रमुख | नलाग्ने |
| ३. | धरौटी फिर्ता | १५ दिन भित्र | लेखा प्रमुख | नलाग्ने |
| ४. | भन्सार छुट सुविधा | ७ दिन | सहकारी प्रवर्द्धन शाखा प्रमुख | नलाग्ने |

## ७. निर्णय गर्ने प्रक्रिया र अधिकारीः

शाखा–महाशाखा–सचिवस्तर–मन्त्रीस्तर–मन्त्रीपरिषद्

## ८. निर्णय उपर उजुरी सुन्ने अधिकारी–

| सि.नं. | कामको विवरण | सम्पर्क अधिकारी/महाशाखा प्रमुख/शाखा प्रमुख | गुनासो सुन्ने अधिकारी |
|---|---|---|---|
| १. | मन्त्रालयसित सम्बन्धित सूचनाहरु उपलब्ध गराउने | सूचना अधिकारी | सचिव |
| २. | सम्पादित कार्यको भुक्तानी | लेखा प्रमुख | सचिव |
| ३. | धरौटी फिर्ता | लेखा प्रमुख | सचिव |
| ४. | भन्सार छुट सुविधा | सहकारी प्रवर्द्धन शाखा प्रमुख | सचिव |

## ९. सम्पादन गरेको कामको विवरणः

मिति २०७३।०४।०१ देखि ०७३।०६।३० सम्म भएका प्रमुख कार्यहरुः

- आ.व. २०७३।७४ को वार्षिक कार्यक्रम, सोको कार्ययोजना, खरिद योजना स्वीकृत गरी कार्यान्वयनको लागि मातहत कार्यालयहरुमा पठाइएको ।
- COPOMIS कार्यान्वयनका लागि परामर्शदातासँग Annual Maintenance Contract (AMC) सम्पन्न भएको । DFID सँगको सहयोगमा परामर्शदाताबाट COPOMIS को Gap Analysis प्रतिवेदन प्राप्त भएको ।
- सुनसरीको इनरुवामा कर्मचारीहरूको लागि COPOMIS User Level तालिम सम्पन्न गरिएको ।
- २०७३ भाद्र १४ मा आ.व. २०७३।७४ को स्वीकृत वार्षिक कार्यक्रमहरूको प्रभावकारी कार्यान्वयन सम्बन्धी गोष्ठी आयोजना प्रमुखहरूको लागि केन्द्रीय सहकारी प्रशिक्षण केन्द्रमा सम्पन्न भएको ।
- सहकारी संघसंस्थाहरूलाई उपलब्ध गराउने अनुदान सम्बन्धी कार्यविधि , २०७३ तर्जुमा गरी अर्थ मन्त्रालय र कानून मन्त्रालयमा रायको लागि पठाइएको ।
- सहकारी संघसंस्थाहरूको लेखा प्रणालीमा एकरूपता कायम गर्ने उद्देश्यले लेखामान , लेखासूची तयार गर्नका लागि ToR स्वीकृत भइसकेको र कार्यान्वयनको लागि परामर्श सेवा खरिद प्रक्रियामा रहेको ।

- सहकारी ऐन २०७३ विधेयकको रुपमा मिति २०७३।४।७ मा व्यवस्थापिका संसद्मा दर्ता गरिएको ।
- स्वीकृत वार्षिक कार्यक्रम बमोजिम थप १५ वटा डिभिजन सहकारी कार्यालय खडा गर्न र डिभिजन सहकारी कार्यालय, जनकपुर र सुर्खेतलाई सहकारी प्रशिक्षण तथा डिभिजन कार्यालयमा रूपान्तरण गर्न संगठन तथा व्यवस्थापन सर्वेक्षण समिति गठन गरिएको ।
- नेपालको संविधानको धारा ५३ तथा सुशासन (व्यवस्थापन तथा सञ्चालन) ऐन २०६४ को दफा ४१ बमोजिमको वार्षिक प्रगति प्रतिवेदन तयार गरी प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा पठाइएको । साथै सो प्रतिवेदन यस मन्त्रालयको वेबसाइट मार्फत् प्रकाशन गरिएको ।
- यस मन्त्रालयबाट आ.व. २०७२/७३ मा अनुगमन गरिएका ३८ वटा जिल्लास्थित कार्यालयहरूको एकीकृत अनुगमन प्रतिवेदन तयार गर्ने कार्य सम्पन्न भएको । साथै सो प्रतिवेदन यस मन्त्रालयको वेबसाइट मार्फत् प्रकाशन गरिएको ।

- आ.व. २०७३/७४ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार गरिबी निवारण सम्बन्धी कार्यक्रमको संभाव्यता अध्ययनको कार्यक्रम रहेको छ । उक्त संभाव्यता अध्ययनको कार्यलाई नेपालको संविधान , २०७२ को संघीय संरचना बमोजिम प्रदेशहरूलाई समेत समावेश गर्ने गरी अध्ययन गर्न परामर्श सेवा खरिदको लागि आशयपत्र (EOI) लिने सम्बन्धमा सार्वजनिक सूचना प्रकाशन गरिएको । प्राप्त आशयपत्र (EOI) हरूको मूल्याङ्कन कार्य भइरहेको ।
- संयुक्त राष्ट्र संघले सन् १९९३ देखि हरेक वर्ष अक्टोबर १७ लाई अन्तर्राष्ट्रिय गरिबी निवारण दिवस (International Day for The Eradication of Poverty) मनाउँदै आएको सन्दर्भमा यस मन्त्रालयको तर्फबाट माननीय मन्त्रीज्यू र श्रीमान् सचिवज्यूको शुभकामना मन्तव्य राष्ट्रिय दैनिक गोरखापत्रमा प्रकाशन गरिएको ।
- मन्त्रालयमा दिगो विकास लक्ष्य (SDG) कार्यान्वयन इकाई स्थापना गर्ने प्रक्रिया अगाडि बढाइएको ।

- **गरिबी घरपरिवार सर्भेक्षणको डाटा इन्ट्रीः** अछाम, बझाङ, बाजुरा, कैलाली, जुम्ला, हुम्ला, मुगु, डोल्पा, कालीकोट,जाजरकोट, बर्दिया, रुकुम, रोल्पा, प्यूठान, अर्घाखाँची, कपिलबस्तु, तनहूँ, बाग्लुङ, गोरखा, रामेछाप, सिन्धुली, रौतहट, सिराहा, खोटाङ, भोजपुर गरी २५ जिल्लाहरुमा गरिब घरपरिवार पहिचान सर्भेक्षणको कार्यको डाटा ईन्ट्रीको कार्य सम्पन्न भएको छ । यी २५ जिल्लाहरुमा घरपरिवारहरुको सर्वेक्षणबाट प्राप्त तथ्यांकको विश्लेषण गरी प्रारम्भिक रूपमा पहिचान भएका कूल ३ ,५६,४१८ घरपरिवारहरूको सूचीमाथि स्थानीय तहबाट गुनासो सुनुवाई मार्गनिर्देशिका, २०७२ बमोजिम गुनासो सुनुवाई गर्ने कार्य भइरहेको छ ।
- **गरिब घरपरिवार परिचयपत्रको ढाँचा संकलनः** परिचयपत्रको ढाँचा तय गर्ने सम्बन्धमा नेपाल सरकारका विभिन्न मन्त्रालय र विभागबाट तयार भएका आ-आफ्नो मन्त्रालयबाट जारी भएका नमुना परिचयपत्र र परिचयपत्र वितरणको कार्यविधि तयार गर्ने कार्य भइरहेको छ ।

- **पूर्वाधार पुनर्निर्माण सम्बन्धी**
  - मन्त्रालयको भवन निर्माण गर्न लगत स्टिमेट तयार गर्न सिंहदरबार सचिवालय पुनःनिर्माण समितिमा पठाइएको ।

- **फर्निचर एवं मेशिनरी सामान खरिद**
  - सोफा आवश्यकता अनुसार खरिद भएको।

- **सवारी साधन खरिद**
  - गाडी खरिद गर्न खरिद इकाइबाट प्रक्रिया अघि बढिरहेको ।

## १०. सूचना अधिकारी र प्रमुखको नाम र पदः

प्रमुखको नामः श्री शारदाप्रसाद त्रिताल

पदः सचिव

सम्पर्क नं.४२११८६०

मोबाइल नं.: ९८४११११३२३

इमेलः strital@gmail.com

सूचना अधिकारीको नामः श्री उपेन्द्रबहादुर ढुंगाना

पदः उप–सचिव

सम्पर्क नं.४२११६५७

मोबाइल नं. ९८५११४८३३५

इमेलः upendra77@hotmail.com

## ११. ऐन, नियम, विनियम, निर्देशिकाको सूची –

सहकारी तथा गरिबी निवारण मन्त्रालयसंग सम्बन्धित नीति, ऐन र नियमहरु निम्नानुसार रहेका छन्:

(क) सहकारी ऐन, २०४८

(ख) सहकारी नियमावली, २०४९

(ग) राष्ट्रिय सहकारी विकास बोर्ड ऐन, २०४९

(घ) राष्ट्रिय सहकारी नीति २०६९

(ङ) सहकारी संघसंस्थाहरूको नियमन, अनुगमन र लेखापरीक्षण सम्बन्धी मापदण्ड, २०६८

(च) गरिब घरपरिवार पहिचान र परिचयपत्र व्यवस्थापन तथा वितरण निर्देशिका, २०६९

## १२. आम्दानी, खर्च तथा आर्थिक कारोवार सम्बन्धी अद्यावधिक विवरणः

नेपाल सरकार

# सहकारी तथा गरिबी निवारण मन्त्रालय

सिड्हदरबार

**खर्चको फांटवारी**

बजेट शिर्षक कोड:- ३५२०११-३ — आ.ब:-२०७३/२०७४

बजेट शिर्षक नाम:-सहकारी तथा गरिवी निवारण मन्त्रालय — महिना:- आश्विन

| महिनाको खर्च | मसान्त सम्मको निकासा | रकम नं. | शिर्षक | वार्पिक बजेट | मसान्त सम्मको खर्च | बांकि बजेट | निकासा बांकि |
|---|---|---|---|---|---|---|---|
| २३४७७८२.३० | | २११११ | तलब | १९५४७०००.०० | ४९२७८२१.६० | १४६१९१७८.४० | |
| ३६०००.०० | | २१११३ | महंगी भत्ता | ५६४०००.०० | ११२०००.०० | ४५२०००.०० | |
| १००४७५.०० | | २१११९ | अन्त भत्ता | ६०००००.०० | १५४१००.०० | ४४५९००.०० | |
| | | २११२१ | पोशाक | ३४५०००.०० | | ३४५०००.०० | |
| ७१२१५.०० | | २२१११ | पानी तथा विजुली | ९७७०००.०० | १०९०९०.०० | ८६७९१०.०० | |
| २३७८.०० | | २२११२ | संचार महसूल | ४८००००.०० | ७१३४.०० | ४७२८६६.०० | |
| १५३०३०.०० | | २२२११ | इन्धन | १६५६०००.०० | ४२४६७५.३३ | १२३१३२४.६७ | |
| ३४३३८३.०० | | २२२१२ | संचालन तथा मर्मत संभार | १६९००००.०० | ३६५२५३.०० | १३२४७४७.०० | |
| | | २२२१३ | बीमा | २०००००.०० | | २०००००.०० | |
| १८९९१५.०० | | २२३११ | कार्यालय सम्बन्धी खर्च | १७०००००.०० | १९९९१५.०० | १५०००८५.०० | |
| | | २२३१४ | इन्धन- अन्य प्रयोजन | १०५०००.०० | | १०५०००.०० | |
| ३०८६६५.०० | | २२४११ | सेवा र परामर्श खर्च | १०८६०५०००.०० | ३९७६५३.०० | १०८२०७३४७.०० | |
| ८५३९१०.०० | | २२४१२ | अन्य सेवा शुल्क | ३११६०००.०० | ८७९८७०.०० | २२३६१३०.०० | |
| | | २२५११ | कर्मचारी तालिम | १३०००००.०० | ६०००.०० | १२९४०००.०० | |
| ४१९५०.०० | | २२५१२ | सीप विकास र जनचेतना तालिम तथा गोष्ठी | ३९४६०००.०० | ९१९५०.०० | ३८५४०५०.०० | |
| १०९१६२३.०० | | २२५२२ | कार्यक्रम खर्च | ३४३६००००.०० | १२०९२८०.०० | ३३१५०७२०.०० | |
| ११२५९५.०० | | २२६११ | अनुगमन, मूल्यांकन खर्च | १८५००००.०० | १४९६९५.०० | १७००३०५.०० | |
| | | २२६१२ | भ्रमण खर्च | ३०००००.०० | | ३०००००.०० | |
| ८४४१५.०० | | २२७११ | विविध खर्च | ६२५०००.०० | ११२८७०.०० | ५१२१३०.०० | |
| | | २२९११ | भैपरी आउने चालु खर्च | ५००००००.०० | | ५००००००.०० | |
| | | २६४१३ | अन्य संस्था तथा व्यक्तिलाई चालु अनुदान स:शर्त | १०१२००००.०० | | १०१२००००.०० | |
| १०६७८०.०० | | २६४२३ | अन्य संस्था तथा व्यक्तिलाई पूंजीगत अनुदान स:शर्त | २०१५०००००.०० | १०६७८०.०० | २०१३९३२२०.०० | |
| | | २२५२९ | अन्य कार्यक्रम खर्च | ६०००००.०० | | ६०००००.०० | |
| ५८४४११६.३० | | | यस महिना सम्मको जम्मा | ३९९१८६०००.०० | ९२५४०८६.९३ | ३८९९३१९१३.०७ | |

**कोषको अवस्था**

| | | | | | |
|---|---|---|---|---|---|
| यस महिना सम्मको निकासा: | | बकैको नाम:- - | | बकै खाता नं.:- - | |
| जम्मा खर्च:- | ९२५४०८६.९३ | बैक बांकि:- | -९,२५४,०८६.९३ | सापटी तिर्न बांकि :- | .०० |
| जम्मा पेश्की बंकि:- | १०८२०००.०० | नगद बांकि:- | .०० | सापटी आउन बांकि :- | .०० |
| खुद खर्च पेश्की कटाई:- | ८१७२०८६.९३ | जम्मा बांकि:- | -९२५४०८६.९३ | दाखिला बांकि :- | .०० |

तयार गर्ने- पेश गर्ने- सदर गर्ने- आ.लपे गर्ने- म.लपे गर्ने- १

**१३. तोकिए बमोजिमका अन्य विवरण:– x**

**१४. अघिल्लो आर्थिक वर्षमा सार्वजनिक निकायले कुनै कार्यक्रम वा आयोजना सञ्चालन गरेको भए सोको विवरण**

२०७३।०१।०१ देखि २०७३।०३।३१सम्मको विवरणमा सार्वजनिक गरिएअनुसार ।

- **बेरुजूको स्थितिः**

सहकारी तथा गरिबी निवारण मन्त्रालय र अन्तर्गतका निकायहरूको आ. व. २०७२।७३ सम्मको बेरुजु र

जम्मा बेरुजू (रु. हजारमा) - ५५००२

जम्मा फछ्र्योट (रु. हजारमा) - २७८९१

जम्मा फछ्र्योट (प्रतिशत) - ५०.७१

सुशासन सम्बन्धीका कार्यः मन्त्रालयले सुशासन सम्बन्धमा निम्न कार्यहरू गरेको छः

- ❖ मन्त्रालयसंग सम्बन्धित जानकारीहरू मन्त्रालयको वेभसाइट www.mocpa.gov.np मा राखी समय समयमा अद्यावधिक गर्ने गरिएको छ ।
- ❖ सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ५ (३) र नियमावलीको नियम ३ बमोजिम सार्वजनिक गर्नुपर्ने विवरण हरेक ३/३ महिनामा सार्वजनिक गर्ने गरिएको छ ।
- ❖ मन्त्रालयमा एक सूचना अधिकारी तोकी संविधान प्रदत्त सूचनाको हकअनुसार माग भएका सूचनाहरू सूचना अधिकारीमार्फत प्रदान गर्ने गरिएको छ ।
- ❖ प्रवक्ता एवं सहायक प्रवक्ता तोकी मन्त्रालय सम्वद्ध जानकारीहरू समय समयमा प्रवक्ता र सहायक प्रवक्तामार्फत सार्वजनिक गर्ने गरिएको छ ।
- ❖ मन्त्रालय सम्वद्ध गतिविधिहरूका सम्बन्धमा पत्रकारहरूसंग अन्तर्क्रिया गर्ने गरिएको छ ।
- ❖ मन्त्रालय र मातहत निकायहरूसंग सम्बन्धित परेका उजुरी एवं गुनासोहरू उपर समयमा नै सुनुवाई एवं छानविन गरी फछ्र्योट र कारवाही गर्ने गरिएको छ ।
- ❖ मन्त्रालय र मातहत निकायबाट प्रदान गरिने सेवा सुविधा र सो का लागि जिम्मेवार पदाधिकारीहरू सम्बन्धमा नागरिक बडापत्र राखी सर्वसाधारणलाई जानकारी गराइएको छ ।

**१५. सार्वजनिक निकायको वे बसाईट भए सोको विवरण:–**

www.mocpa.gov.np

**१६. सार्वजनिक निकायले प्राप्त गरेको बैदेशिक सहायता , ऋण, अनुदान एवं प्राविधिक सहयोग र सम्झौता सम्बन्धी विवरण:–**

**(क) कार्यक्रम/आयोजनाको नामः पश्चिम उच्च पहाडी गरिवी निवारण आयोजना**

पश्चिम उच्च पहाडी गरिवी निवारण आयोजना सहकारी तथा गरिबी निवारण मन्त्रालय र संघिय मामिला तथा स्थानीय विकास मन्त्रालयको संयुक्त प्रयास एवं जिम्मेवारी र कृषि विकासका लागि अन्तर्राष्ट्रिय कोष (International Fund for Agricultural Development) को ऋण तथा अनुदान सहयोगमा सुदुर पश्चिम र मध्यपश्चिमान्चलका आठबटा जिल्लाहरुका १५३ वटा गा.वि.स.हरुमा अति विपन्न तथा गरिव वर्गहरुलाई लक्ष्यित गरी संचालन भईरहेको छ ।

यस कार्यक्रमका तीन तरणहरुमध्ये दुईवटा चरणहरु तत्कालिन स्थानिय विकास मन्त्रालयबाट सम्पन्न भएको र कार्यक्रमको तेस्रो चरण आर्थिक वर्ष २०६९।७० देखि सहकारी तथा गरिबी निवारण मन्त्रालयबाट संचालन भईरहेको छ । यस आयोजनाको तेस्रो चरणको चारवर्षे अवधि सन् २०१६ को अक्टोबर महिनासम्म रहेको छ ।

**(ख) कार्यक्रम/आयोजनाको नामः** Nepal- German Cooperation Program, The Inclusive Development of Economy (INCLUDE)

१. अर्थ मन्त्रालय , उद्योग मन्त्रालय र GIZ बीच भएको समझदारी अनुरुप आर्थिक वर्ष २०७१।७२ मा INCLUDE कार्यक्रम अन्तर्गत GIZ बाट यस मन्त्रालयलाई प्राविधिक सहयोग प्राप्त भएको । यस कार्यक्रम अन्तर्गत GIZ बाट सार्वजनिक खरिद विज्ञ र सहकारी तथा गरिबी सम्बन्धी व्यवस्थापन सूचना प्रणाली (Coperatives and Poverty related Management Information System) मा सहजीकरण गर्न सूचना प्रविधि विज्ञ उपलव्ध गराउने कार्य भएको छ । साथै यस कार्यक्रम अन्तर्गत प्युठान , दाङ्ग, सुर्खेत, बाँके र कैलाली जिल्लाका उत्पादनमूलक सहकारी संस्थाहरुको बजारीकरण सहयोग अन्तर्गत मूल्य श्रृंखला अभिबृद्धि गर्ने कार्यक्रम रहेको छ । ५ मिलियन यूरोको सहयोग हुने उक्त कार्यक्रमको Operational Plan स्वीकृत भएको छ ।

२. साथै आर्थिक वर्ष २०७१।७२ मा राष्ट्रिय सहकारी नीति , २०६९ को कार्यान्वयन कार्ययोजना तयार र मन्त्रालय तथा मातहत निकायहरुको क्षमता अभिबृद्धि गर्ने कार्यका लागि आवश्यकता पहिचान सम्बन्धी अध्ययन प्राविधिक सहयोग अन्तर्गत सम्पन्न भएको छ । साथै यस अवधिमा Review of the Cooperative Sector in Nepal, Study of Capacity Development Program सम्पन्न भई हालसम्म मन्त्रालयलाई सूचना प्रविधि विज्ञको सहायता प्राप्त भइरहेको छ ।

३. INCLUDE को सहयोगमा राष्ट्रिय सहकारी प्रतिष्ठान स्थापना गर्न Capacity Development को क्षेत्रमा र यस मन्त्रालयको Communication Strategy निर्माण गर्ने कार्यक्रम रहेको छ ।

४. INCLUDE Operational Plan,२०१४ बमोजिम माथि उल्लेखित विषय समेतमा सन् २०१५ का निमित्त Management Information System (MIS), Policy Review, Donor Coordination (Support towards developing a strategic plan) तथा Capacity Development का लागि प्राविधिक सहयोग रहेको छ ।

**१७. सार्वजनिक निकायले संचालन गरेको कार्यक्रम र सो को प्रगति प्रतिवेदनः** – दफा ९, १२ र १४ मा उल्लेख भइसकेको ।

**१८. सार्वजनिक निकायले वर्गीकरण तथा संरक्षण गरेको सूचनाको नामावली र त्यस्तो सूचना संरक्षण गर्न तोकिएको समयावधि** – X

**१९. सार्वजनिक निकायमा परेका सूचना माग सम्बन्धी निवेदन र सो उपर सूचना दिएको विवरणः** – फ्रिडम फोरमका श्री तारानाथ दाहालसमेतले माग गर्नुभएको मन्त्रालय र मातहतका कार्यालयहरुका सवारी साधन संख्या , अवस्था तथा इन्धन र मर्मत सम्बन्धी खर्चको विवरण उपलब्ध गराइएको ।

**२०. सार्वजनिक निकायका सूचनाहरु अन्यत्र प्रकाशन भएका वा हुने भएको भए सो को विवरण**– X